नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २७८ २०८३ साल असार २ गते मंगलबार (16 June 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्र बैंकको अध्ययन : औद्योगिक क्षेत्रमा. ३ पृष्ठमा : हर्मुज खुल्ने सहमति,.. ३ पृष्ठमा : शान्ति सम्झौतापछि ...

# लालपूर्जाको माग गर्दै आन्दोलन निरन्तर

# राजविराजमा देखिएको जग्गा सम्बन्धी समस्या समाधानका लागि पाँच सदस्यीय समिति गठन






नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन : ९७७-०१-४२११६६६

प्रेस विज्ञप्ती

सप्तरी जिल्लाको राजविराज नगरपालिका अन्तर्गत देखिएको जग्गा दर्ता सम्बन्धी समस्या समाधानका लागि स्थलगत अध्ययन गरी राय सहितको प्रतिवेदन पेस गर्न यस मन्त्रालयका उपसचिव श्री नरेन्द्र पौडेलको संयोजकत्वमा भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक श्री खिमानन्द आचार्य, नापी विभागका प्रमुख नापी अधिकृत, श्री दिनेश काफ्ले समेत सदस्य रहने गरी ५ सदस्यीय समिति गठन गरिएको छ । उक्त समितिलाई १५ दिनभित्र समस्याको पहिचान र दीर्घकालीन समाधान र सो को कार्ययोजना सहितको प्रतिवेदन पेस गर्न जिम्मेवारी तोकिएको छ ।

गणेशप्रसाद भट्ट
सहसचिव/प्रवक्ता

**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राजविराज नगरपालिका अन्तरगत देखिएको जग्गा दर्ता सम्बन्धी समस्या समाधानका लागि पाँच सदस्यीय समिति गठन गरेको छ ।

सोमबार मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टद्वारा जारि प्रेस विज्ञप्तिमा सो समस्या समाधानका लागि पाँच सदस्यीय समिति गठन गरिएको जनाइएको छ ।

जारि विज्ञप्तिमा राजविराज नगरपालिका अन्तर्गत देखिएको जग्गा दर्ता सम्बन्धी समस्या समाधानका लागि स्थलगत अध्ययन गरी राय सहितको प्रतिवेदन पेस गर्न मन्त्रालयका उपसचिव नरेन्द्र पौडेलको संयोजकत्वमा समिति गठन गरिएको उल्लेख छ ।

समितिको सदस्यहरुमा भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक खिमानन्द आचार्य, नापी विभागका प्रमुख नापी अधिकृत दिनेश काफ्ले समेत सदस्य रहने गरी पाँच सदस्यीय समिति गठन गरिएको विज्ञप्तिमा जनाइएको छ ।

उक्त समितिलाई १५ दिनभित्र समस्याको पहिचान र दीर्घकालीन समाधान र सो को कार्ययोजना सहितको प्रतिवेदन पेस गर्न जिम्मेवारी तोकिएको विज्ञप्तिमा उल्लेख छ ।

राजविराज नगरवासी लालपूर्जाको माग गर्दै विगत तीन सातादेखी आन्दोलनरत छन् । सोही क्रममा सोमबार मोबाइलको टर्च बालेर प्रदर्शन गरेका छन् ।

राजविराज स्थापनाकाल देखी नै नगरको मुख्य सडक मेनरोड तथा सडकको दायाँ बाया करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार २ सय भन्दा बढी परिवार हाल सम्म लालपुर्जा विहीन छन ।

पुस्तौदेखी जग्गा उपभोग गर्दै आए पनि कसैको नाममा लालपुर्जा अहिले सम्म बन्न सकेको छैन । यद्धपी नापी कार्यालयले ती मध्येका दुई दर्जन भन्दा बढीलाई विभिन्न मितिमा आर्थिक लाभ लिएर लालपुर्जा प्रदान गरिसकेको जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले बताउँदै अँएका छन् ।

नापी कार्यालय राजविराजको २०२८ सालको नापी अनुसार फिल्डबुकमा पनि उक्त जग्गाहरु गाउँ/ब्लकमा रहेको स्पष्ट उल्लेख छ । उक्त जग्गामा वसोवास गर्दै आएकाहरुको नागरिक्तामा समेत वसोवास गर्दै आएको उक्त जग्गा भएको ठाउँको ठेगानामा उल्लेख छ । यस्तै विजुली, खानेपानी, नगरपालिकालाई महसुल र कर तिरेको रसिद पनि छ । तर सबै

*बाँकी अन्तिम पृष्ठमा*

# मधेश प्रदेशको ४१ अर्ब १३ करोड ८६ लाख बजेट

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १ असार ।**

मधेश प्रदेश सरकारले आगामी आर्थिक बर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख बजेट बिनियोजन गरेको छ ।

मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले सोमबार प्रदेशसभाको बैठकमा आगामी आर्थिक बर्ष २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रबर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गरे ।

प्रदेश सरकारले आगामी आव २०८३/८४ का लागि चालु तर्फ १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार र पुँजीगततर्फ २६ अर्ब ४७ करोड ५३ लाख ७१ हजार बिनियोजन गरेको छ ।

अर्थमन्त्री भट्टराईका अनुसार आगामी आव २०८३/८४ मा खर्चको श्रोत मध्ये आन्तरिक राजस्वतर्फ ११ अर्ब २२ करोड ७५ लाख, राजस्व बाँडफाँड वापत १२ अर्ब ८३ करोड, वित्तिय समानीकरण वापत ९ अर्ब ४९ करोड ५९ लाख र गत बर्षको

*बाँकी अन्तिम पृष्ठमा*

**कर परामर्श सेवा केन्द्र**

**राजविराज-३**

**कर्मचारी आवश्यकता**

मिति : २०८३/०३/०२

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्द्र) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्नो प्रमाणपत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

१ पद : कम्प्युटर अपरेटर
२ संख्या : २ (दुई)
३. योग्यता : बाणिज्य विषयमा न्यूनतम +२ उत्तिर्ण भएको ।
४. पारिश्रमिक : आपसी सहमतिमा तय गरिने छ ।
५. परीक्षाको किसिम : प्रतियोगात्मक र अन्तरवार्ता.
५. सम्पर्क नं. : ९८०१५३०५७७/९८०४७९८८०८

**नोट :** कम्प्युटरमा ट्याली, एक्सल र नेपाली टाईपिङमा दक्षता प्राप्त हुनुपर्ने छ ।

**योग स्वस्थ जीवनको आधार**

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### लालपूर्जा समस्या समाधानका लागि निकाय गम्भिर बन्नुपर्छ

राजविराज नगरपालिका बजार क्षेत्रका ७० विगहा बिटौरी जग्गाको समस्या समाधान हुन नसक्दा अहिले आन्दोलनको रुप लिएको छ। नगरक्षेत्रमा बसोबास गर्ने ५ हजार २ सय भन्दा बढी परिवार बर्षौंदेखि लालपुर्जा आफ्नो नाममा प्राप्त गर्न नसक्दा उनीहरु समस्यामा परेका छन् । बि.स. २०१६ सालमै नगरपालिका घोषणा भई नगरको मुख्य सडक मेनरोड तथा भित्रि सडकको दायाँबायाँ पुस्तौंदेखि बसोबास गर्दै आएका ती परिवार बर्षौंदेखि लालपुर्जा पाउन सकेका छैनन् ।

जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदको आधारमा बसोबास र विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक र वित्तिय संस्थामा धितो राखि ऋृण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित छन् । विगत ८ बर्ष देखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि नगरवासी बैंक तथा वित्तिय संस्थाबाट पाउनुपर्ने सेवा सुविधाबाट उनीहरु बञ्चित छन् । जसकारण व्यापार, व्यवसाय चौपट्ट हुनुका साथै शिक्षा, उपचार र व्यापारिक कारोवार लगायतका काम गर्न पनि नगरवासीलाई समस्या परेको छ ।

तसर्थ पुस्तौं देखि बसोबास गर्दै आएको आफ्नै जग्गाको स्वामित्व लिन नसक्दा तथा समस्या पर्दा बैंक तथा वित्तिय संस्थामा राखेर ऋृण लिन नपाउनु दुखद र निन्दनीय हो । यसका लागि नगरवासीको उक्त पीडा अविलम्ब सम्बोधन गर्न तीनै तहका सरकार र सरोकारवाला निकाय समेत गम्भिर हुनु अत्यन्त जरुरी छ ।

# राष्ट्र बैंकको अध्ययन : औद्योगिक क्षेत्रमा दक्ष जनशक्तिको अभाव

काठमाडौँ, १ असार (रासस) ।

मुलुकको औद्योगिक क्षेत्रका लागि दक्ष जनशक्तिको अभाव, कच्चा पदार्थ र उत्पादित वस्तुका लागि उपयुक्त बजार नहुनुलाई प्रमुख समस्याका रूपमा चित्रण गरिएको छ ।

नेपाल राष्ट्र बैङ्कले गरेको अध्ययनअनुसार पर्याप्त पुँजीको अभाव, उच्च उत्पादन लागत, प्रविधिकगत पछौटेपन, पूर्णक्षमताको अभाव, जनशक्ति पलायन, पर्यावरणमैत्री उद्योगको व्यवस्थापन र सञ्चानलाई पनि चुनौतीका रूमपा लिइएको हो ।

औद्योगिक पूर्वाधार निर्माणलाई तीव्रता दिनु, औद्योगिक उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्नु, कच्चा पदार्थको उचित प्रवन्ध गर्नु, स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, निर्यातजन्य वस्तुको विविधकरण गर्नुलगायत चुनौती औद्योगिक क्षेत्रमा रहेका नेपाल राष्ट्र बैङ्कको अध्ययनले देखाएको छ ।

केन्द्रीय बैङ्कले हालै सार्वजनिक गरेको ‘चालु आर्थिक वर्षको अर्धवार्षिक प्रतिवेदन’अनुसार कर्णाली प्रदेशमा स्थापना भएका उद्योगमा पुँजी अभाव तथा बजारीकरणको समस्या रहेको छ । स्थापित उद्योग एवम् कलकारखानालाई पलायन हुनबाट रोक्नु, ठूलो सङ्ख्यामा युवा वैदेशिक रोजगारीमा जाने गरेकाले उद्योगमा आवश्यक प्रविधिक सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु चुनौती देखिएको छ ।

न्यून औद्योगिक पूर्वाधारका आधारमा वैदेशिक लगानी आकर्षण गरी उद्योगका लागि आवश्यक पुँजीको व्यवस्थापन गर्नु, उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउनु पनि कठिनाइका रूपमा लिइएको छ ।

अध्ययनअनुसार सुदूरपश्चिम प्रदेशमा भारतसँगको खुला सीमानाकाका कारण हुनसक्ने सम्भावित भन्सार छली, अवैध पैठारीलगायत गतिविधि नियन्त्रण गरी स्थानीय उत्पादन र औद्योगिक गतिविधि प्रवर्द्धन गर्नु चुनौतीका रूपमा रहेको छ । उद्योगधन्दा सञ्चालनका लागि आवश्यक पर्ने दक्ष र प्राविधिक जनशक्तिको अभाव, कमजोर पूर्वाधार, निर्यातयोग्य वस्तुमा विधिकरणको कमी, न्यून उत्पादकत्व र निर्यात क्षमता पनि कमजोर पनि चुनौतीका रूपमा छन् ।

स्वदेशी वस्तुको उत्पादन लागत बढी हुनु, कमजोर औद्योगिक पूर्वाधार तथा स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोत तथा साधनको सदुपयोग हुन नसक्नु पनि चुनौतीका रूपमा रहेका छन् । अध्ययनअनुसार मुलुकको औद्योगिक क्षेत्रमा उल्लेख्य सम्भावना रहेको छ । जलविद्युत् उत्पादनमा भइरहेको विस्तार, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकता राखेको अध्ययन प्रतिवेदनमा जनाइएको छ ।

कृषि उपजको उत्पादन, जडिबुटीको उपलब्धता, खानीलगायत खानीजन्य पदार्थको सम्भाव्यतासमेत रहेको सन्दर्भमा उद्योग क्षेत्र विकासको प्रचुर सम्भावना छ । त्यसैगरी, बढ्दो सूचना प्रविधिको प्रयोग र उपयोगसँगै सफ्टवेयर विकास, सूचना प्रविधि सेवा तथा ‘आउटसोर्सिङ’ (बाह्य स्रोत परिचालन) उद्योगको विकास गर्ने सम्भावना उच्च छ ।

सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्ने व्यवस्था, निजी क्षेत्रसँग सरकारको सहकार्यलगायत नीतिगत व्यवस्था, सहज बैंकिङ पहुँच, न्यून ब्याजदर, बैङ्क तथा वित्तीय संस्थामा रहेको लगानीयोग्य रकम, बढ्दो सहरीकरण तथा डिजिटल प्रविधिको प्रयोगका कारण औद्योगिक उत्पादनको विस्तार हुने सम्भावनासमेत रहेको छ ।

मधेस प्रदेशमा धान, गहुँ, मकै, उखु, तेलहन, तरकारी, फलफूल तथा दुग्ध उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग, खाद्य प्रशोधन, चिनी उद्योग, दुग्ध उद्योग, तेल उद्योग, चामल उद्योग तथा पशु आहार उद्योग विस्तार गर्न सकिने सम्भावना प्रतिवेदनमा उल्लेख गरिएको छ । धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले समृद्ध मधेस प्रदेशमा होटल, हस्तकला, धार्मिक सामग्री, मिथिला कला तथा पर्यटनसँग सम्बन्धित विभिन्न उद्योगहरूको विकास गर्न सकिनेछ ।

मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसङ्ख्या भएको प्रदेश भएकाले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेस प्रदेशमा उद्योग स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने अध्ययनले देखाएको छ ।

बागमती प्रदेशमा कृषि तथा पशुपालनमा आधारित उद्योगको प्रचुर सम्भावना रहेकाले मासुजन्य उत्पादन, दुग्धजन्य उत्पादन, खाद्य प्रशोधन, जडिबुटी प्रशोधनलगायत साना तथा मझौला उद्योग स्थापना गर्न सकिनेछ । अधिक तरलता तथा न्यून ब्याजदर रहेको अवस्थामा बैङ्क तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गर्ने वातावरण सिर्जना गरेमा औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने जनाइएको छ ।

त्यस्तै, डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको अध्ययन अनुसन्धान गर्न सकिनेछ । विदेशबाट फर्किएका नेपालीको सीपअनुसारको व्यवसाय सञ्चालनमा प्रोत्साहित गरी उत्पादन र रोजगारी अभिवृद्धि हुनसक्ने छ ।

गण्डकी प्रदेशमा आर्थिक अभिवृद्धिका परियोजना, ‘मेक इन नेपाल’ र ‘मेड इन नेपाल’लगायत अभियानमार्फत विभिन्न उद्योगका लागि कानुनी सुधार, आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवालगायत पूर्वाधार विकासको प्रभावकारी कार्यान्वयन भए यसले नयाँ आधार तयार पार्नेछ । स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैरसरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नसके स्वदेशी उत्पादनमा थप वृद्धि हुने देखिन्छ ।

कृषि क्षेत्र तथा स्थानीय स्रोतसाधन र सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने अध्ययनले देखाएको छ । बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय विस्तार गर्न गर्नुपर्नेमा अध्ययनले जोड दिएको छ ।

# अल्पकालीन लोकप्रियताभन्दा दीर्घकालीन आर्थिक सुधारमा केन्द्रित छ बजेट : अर्थमन्त्री

काठमाडौँ, १ असार (रासस) ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट अल्पकालीन लोकप्रियताभन्दा दीर्घकालीन आर्थिक सुधारलाई केन्द्रमा राखेर ल्याइएको बताउनुभएको छ ।

राष्ट्रियसभामा आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमानमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले बजेट कार्यान्वयनमा चुनौती रहे पनि नयाँ ढङ्गले अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अर्थमन्त्रीले बजेट सुशासन, मध्यम वर्गको विस्तार, रोजगारी सिर्जना तथा निजी क्षेत्रको प्रवर्द्धनलाई केन्द्रमा राखेर निर्माण गरिएको बताउनुभयो । निर्वाचनपूर्व सार्वजनिक गरिएको प्रतिबद्धतापत्रअनुसार आर्थिक, राजनीतिक तथा न्यायिक सुशासनलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो ।

“हामीले सुशासनलाई केन्द्रमा राखेका छौँ, आम नागरिकको चासोका विषय आर्थिक, राजनीतिक तथा न्यायिक सुशासनलाई अगाडि बढाएका छौँ,” उहाँले भन्नुभयो, “मुलुकको समृद्धिका लागि मध्यम वर्गको विस्तार आवश्यक छ । निम्न आय भएका वर्गलाई माथि उकास्दै मध्यम वर्ग विस्तार गर्न खोजिएको हो । गरिब तथा तल्लो आय भएका वर्गलाई बेवास्ता गरिएको भन्ने टिप्पणी वास्तविकताभन्दा फरक छ ।”

उहाँले २१ वटा आर्थिक क्षेत्र पहिचान गरी आगामी पाँच वर्षमा १२ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य बजेटले लिएको जानकारी दिँदै सडक पूर्वाधार विस्तार, प्रवासी नेपालीलाई लगानीकर्ता तथा विकासका संवाहकका रूपमा परिचालन गर्ने नीति तथा निजी क्षेत्रलाई आर्थिक वृद्धि र लगानीको प्रमुख साझेदारका रूपमा अघि बढाइएको बताउनुभयो ।

कोभिड-१९ महामारीपछि नेपालको अर्थतन्त्र पूर्णरूपमा पुरानो रुपमा फर्किन नसकेको उल्लेख गर्दै उहाँले निजी लगानीमा अझै अनिश्चितता रहेको स्वीकार गर्नुभयो । “मध्यम वर्गको क्रयशक्ति कमजोर हुँदा अर्थतन्त्र चलायमान हुन सक्दैन,” उहाँले भन्नुभयो, “त्यसैले आर्थिक पुनरुत्थानका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरेका छौँ ।”

सामाजिक सुरक्षाका कार्यक्रम कटौती नगरिएको, बरु थप विस्तार गरिएको उल्लेख गर्दै उहाँले कृषि आधुनिकीकरण, श्रमिक सुरक्षा, कृषि बिमा, रोजगारी तथा स्टार्टअप कार्यक्रमलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो ।

# केन्द्रीय कानुन पुस्तकालय खारेज नगर्न बारको आग्रह

काठमाडौँ, १ असार (रासस) ।

कानुन व्यवसायीहरूको छाता सङ्गठन नेपाल बार एसोसिएसनले केन्द्रीय कानुन पुस्तकालय न्यायका क्षेत्रमा खोज, अनुसन्धान गर्ने स्थान भएकाले खारेज वा गाभ्ने काम नगर्न सरोकार भएका निकायलाई आग्रह गरेको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले सोमबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा २०५० सालमा स्थापना भएको उक्त ऐतिहासिक पुस्तकालयले न्यायका क्षेत्रमा खोज, अनुसन्धान गर्ने तथा अन्य सेवाग्राहीलाई सेवा प्रदान गर्दै आइरहेको हुँदा खारेज वा गाभ्ने काम नगर्न सरोकार भएका निकायलाई आग्रह गर्नुभएको हो ।

विज्ञप्तिमा भनिएको छ, “न्यायाधीश, कानुन व्यवसायी, कर्मचारी, कानुनका विद्यार्थीलगायत कानुन र न्यायका क्षेत्रमा खोज, अनुसन्धान गर्ने व्यक्तिहरूका लागि अतिआवश्यक केन्द्रीय कानुन पुस्तकालय विना कारण खारेज वा गाभ्नेजस्ता कार्यले पठन संस्कृतिमाथि प्रहार गर्ने भएकाले उक्त पुस्तकालय खारेज वा गाभ्ने कार्य नगर्न आग्रह गर्दछौँ ।”

सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा रहेको कानुन क्षेत्रको बौद्धिक ज्ञान उत्पादनको थलोका रूपमा रहेको यो ऐतिहासिक पुस्तकालय खारेज वा गाभ्नुभन्दा यसलाई थप आधुनिकीकरण गर्दै विशिष्टीकृत रूपमा सञ्चालन गर्न आवश्यक भएको बारको भनाइ छ ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569

# हर्मुज खुल्ने सहमति, युद्धविराम विस्तारको प्रयास

इस्लामावाद, १ असार (रासस/एपी)।

संयुक्त राज्य अमेरिका र इरानबीच हर्मुज जलघाँटी पुनः खोल्ने तथा इरान युद्धमा लागू रहेको अस्थिर युद्धविरामलाई थप विस्तार गर्ने उद्देश्यसहित प्रारम्भिक अन्तरिम सम्झौता भएको घोषणा गरिएको छ। यदि यो सम्झौता कार्यान्वयनमा आयो भने विश्व बजारमा तेल र प्राकृतिक ग्यासको आपूर्ति पुनः सहज भई ऊर्जा सङ्कटको जोखिम घट्ने तथा विश्व अर्थतन्त्रमा स्थिरता आउने अपेक्षा गरिएको छ।

यद्यपि सम्झौताका पूर्ण विवरण तत्काल सार्वजनिक गरिएको छैन। इरानले भने औपचारिक हस्ताक्षर नभएसम्म कुनै पनि प्रावधान कार्यान्वयनमा नल्याइने स्पष्ट पारेको छ। प्रमुख मध्यस्थकर्ताको भूमिका खेलेको पाकिस्तानका अनुसार सम्झौतामा हस्ताक्षर आगामी शुक्रबार स्विट्जरल्याण्डमा हुन सक्नेछ। यो सहमतिले मध्यपूर्वमा हजारौँको ज्यान लिएको युद्ध अन्त्य गर्ने सम्भावित मार्ग खोल्न सक्ने विश्लेषण गरिएको छ।

तर प्रारम्भिक सहमतिले सुरुदेखि नै अनेक चुनौतीको सामना गरिरहेको छ। विशेषगरी लेबनानमा इरान समर्थित हिजबुल्लाह र इजरायलबीच जारी तनावले वार्तालाई प्रभावित गर्ने जोखिम देखिएको छ। आइतबार इजरायलले बेरुतको दक्षिणी क्षेत्रमा आक्रमण गरेपछि क्षेत्रीय तनाव पुनः बढेको थियो।

सम्झौताअन्तर्गत सबैभन्दा जटिल विषय इरानको अत्यधिक समृद्ध युरेनियम भण्डार र आणविक कार्यक्रमको भविष्य हो। यी विषयमा समाधान खोज्न पक्षहरूलाई ६० दिनको समय दिइएको छ। सन् २०१५ मा भएको आणविक सम्झौतामा यस्ता विषय टुङ्ग्याउन वर्षौं लागेको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा उक्त सम्झौताबाट अमेरिका बाहिरिएको निर्णय गरेपछि तनाव क्रमशः बढ्दै युद्धको अवस्थामा पुगेको थियो।

ह्वाइट हाउसमा आफ्नो ८०औँ जन्मदिनको अवसरमा आयोजित कार्यक्रममा ट्रम्पले सामाजिक सञ्जालमार्फत युद्धविराम प्रयासलाई स्वागत गर्दै हर्मुज जलघाँटी खुलाउन तथा अमेरिकी नौसैनिक नाकाबन्दी हटाउने आदेश दिएको घोषणा गर्नुभएको थियो। तर उहाँले शुक्रबार औपचारिक हस्ताक्षर नभएसम्म जलघाँटी पूर्ण रूपमा सञ्चालनमा नआउने पनि स्पष्ट पार्नुभयो।

इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले सरकारी टेलिभिजनमार्फत सम्झौताको पुष्टि गर्दै हस्ताक्षरपछि मात्रै कार्यान्वयन सुरु हुने बताउनुभयो। उहाँका अनुसार कतारको मध्यस्थतामा भएको वार्तापछि यो समझदारी सम्भव भएको हो।

इजरायलले भने यस विषयमा तत्काल कुनै औपचारिक प्रतिक्रिया दिएको छैन। इजरायलले दक्षिणी लेबनानमा आफ्ना सैन्य कारबाही जारी राख्ने विषयमा विशेष जोड दिँदै आएको छ। फेब्रुअरी २८ मा अमेरिका इजरायलसँग मिलेर युद्धमा संलग्न भएको थियो।

सम्झौताप्रतिको आशावादले अन्तर्राष्ट्रिय बजारमा तत्काल प्रभाव देखिएको छ। बेन्चमार्क ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल चार डलरभन्दा बढीले घटेको छ भने एसियाली शेयर बजारमा उल्लेख्य वृद्धि देखिएको छ।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले सबै पक्षले लेबनानसहितका सबै मोर्चामा सैन्य गतिविधि स्थायी रूपमा अन्त्य गर्ने घोषणा गरेको जानकारी दिनुभएको थियो। तर इजरायलले यस विषयमा औपचारिक सहमति जनाएको छ वा छैन भन्ने अझै स्पष्ट छैन।

पाकिस्तानी अधिकारीहरूका अनुसार आगामी ६० दिनभित्र इरानको आणविक कार्यक्रमलगायत बाँकी विवादित विषयमा व्यापक वार्ता हुनेछ। आवश्यक परे समयसीमा थप लम्ब्याउन सकिने पनि जनाइएको छ। इरानी सरकारी सञ्चारमाध्यमले सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयलाई उद्धृत गर्दै युद्ध तत्काल अन्त्य हुने र अमेरिकी नाकाबन्दी पूर्ण रूपमा हटाइने जनाएको छ।

वार्ताको संवेदनशीलताका कारण नाम नखुलाउने सर्तमा बोल्ने अधिकारीहरूका अनुसार १७ घण्टा लामो छलफलपछि कतारी मध्यस्थकर्ताहरू तेहरानबाट फर्किएका थिए। यस साताभित्र दोहामा पक्षहरूसँग छुट्टाछुट्टै प्राविधिक बैठक हुने तयारी छ।

शुक्रबार हुने हस्ताक्षर समारोहमा इरानको प्रतिनिधित्व कसले गर्ने भन्ने अझै तय भएको छैन। अमेरिकी उपराष्ट्रपति जेडी भान्सले ह्वाइट हाउसले सहभागीहरूको सूची अन्तिम रूप दिइरहेको बताउनुभएको छ। उहाँ स्वयं उपस्थित हुने सम्भावना रहेको र राष्ट्रपति ट्रम्प पनि सहभागी हुन सक्ने सङ्केत दिनुभएको छ।

यसैबीच अमेरिकाभित्रै सम्झौताप्रति शङ्का व्यक्त हुन थालेको छ। रिपब्लिकन सिनेटर लिन्डसे ग्राहमले इरान र अमेरिकी वार्ता टोलीको व्याख्या फरक देखिएको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ। न्युयोर्कका सांसद ग्रेगरी मीक्सले पनि इरानसँग हुने कुनै पनि सम्झौताको अमेरिकी कंग्रेसले निगरानी गर्ने बताउनुभएको छ।

युद्धले इरानभित्र राजनीतिक परिवर्तन पनि ल्याएको छ। प्रारम्भिक आक्रमणमा सर्वोच्च नेता आयातोल्लाह अली खामेनी मारिएपछि उहाँका छोरा आयातोल्लाह मोजताबा खामेनी नयाँ सर्वोच्च नेता बन्नुभएको छ। उहाँ सार्वजनिक रूपमा नदेखिए पनि सम्झौताका लागि उहाँको स्वीकृति अनिवार्य मानिएको छ।

विश्लेषकहरूका अनुसार सम्झौता सफल भए पनि विश्व ऊर्जा आपूर्ति पूर्ण रूपमा सामान्य अवस्थामा फर्किन समय लाग्न सक्छ। ढुवानी र बीमा कम्पनीहरूले दीर्घकालीन स्थायित्वको सुनिश्चितता खोजिरहेका छन्। उता इरानसँग अझै पनि ठूलो मात्रामा ब्यालेस्टिक क्षेप्यास्त्र र उच्च समृद्ध युरेनियम रहेको बताइन्छ, जसले भविष्यमा फेरि तनाव बढ्न सक्ने चिन्ता कायम राखेको छ।

अमेरिकाले सम्झौताअन्तर्गत इरानबाट समृद्ध युरेनियम हटाउन माग गरेको छ। रुसले उक्त सामग्री आफ्नो नियन्त्रणमा लिन प्रस्ताव गरेको भए पनि इरानले आफ्नो युरेनियम भण्डार कायम राख्ने अडान सार्वजनिक रूपमा दोहोऱ्याउँदै आएको छ। यही विषय आगामी वार्ताको सबैभन्दा कठिन मुद्दा बन्ने अनुमान गरिएको छ।

# युवालाई सीप, रोजगार र उद्यमसँग जोड्न सरकार क्रियाशील छ : मन्त्री यादव

काठमाडौँ, १ असार (रासस)।

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले युवालाई सीप, रोजगार र उद्यमसँग जोड्न सरकार क्रियाशील रहेको बताउनुभएको छ।

नेपाली युवा उद्यमी मञ्चले आइतबार यहाँ आयोजना गरेको 'युवा उद्यमशीलता सम्मेलन-२०८३'लाई सम्बोधन गर्दै मन्त्री यादवले युवालाई सीप, रोजगार र उद्यमशीलतासँग जोड्न सरकारले राष्ट्रिय अभियान अगाडि बढाएको बताउनुभयो। उहाँले सरकार एक्लैले रोजगार सिर्जना गर्न नसक्ने र रोजगार सिर्जना गर्ने निजी क्षेत्रले नै भएको बताउनुभयो। मन्त्री यादवले आगामी दशकलाई 'आन्तरिक रोजगारी प्रवर्द्धनको दशक'का रूपमा मनाइने बताउनुभयो। देशको समृद्धि युवाको पसिना स्वदेशमै बगाउँदा मात्र सम्भव हुने उहाँको भनाइ थियो।

मन्त्री यादवले आफ्नो मन्त्रालयको ८० प्रतिशत समय वैदेशिक रोजगारीका समस्या समाधानमा खर्च भइरहेको बताउनुभयो। 'सरकार, रोजगारदाता र श्रमिक' बीचको त्रिपक्षीय सहकार्यमार्फत रोजगारीका अवसर वृद्धि गरिने उहाँको भनाइ थियो। सूचना प्रविधि, पर्यटन, कृषि प्रशोधन र 'ग्रीन इकोनोमी'मा नेपालको उज्ज्वल भविष्य रहेको मन्त्री यादवले उल्लेख गर्नुभयो। उहाँले सरकार सधैँ उद्यमीको साथमा रहेको बताउनुभयो।

नेपाल युवा उद्यमी मञ्चका अध्यक्ष सुदीप घिमिरेले देशका विभिन्न क्षेत्रका युवा उद्यमीलाई एउटै मञ्चमा ल्याउने र उद्यमशीलताका माध्यमबाट देशको आर्थिक समृद्धिमा योगदान पुऱ्याउने उद्देश्यका साथ सम्मेलन आयोजना गरिएको जानकारी दिनुभयो। उहाँले मञ्चमा आबद्ध युवा उद्यमीले हाल देशभर ८० हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी सिर्जना गरेको बताउनुभयो। दुई दशक अगाडि केही युवा उद्यमीको सपनाबाट सुरु भएको मञ्चमा अहिले देशका १५ वटा च्याप्टर र १२०० भन्दा बढी सक्रिय सदस्यको बलियो राष्ट्रिय सञ्जालमा विस्तार भएको उहाँले बताउनुभयो।

सम्मेलनमा स्टार्टअप संस्थापक, नवप्रवर्तनकर्ता र पारिवारिक व्यवसायलाई नयाँ उचाइमा पुऱ्याइरहेका युवा नेतृत्वको उपस्थिति रहेको थियो। उहाँले सरकारले हालै सार्वजनिक गरेको बजेटमा 'स्टार्टअप' र युवा उद्यमशीलतालाई प्राथमिकतामा राखेकामा खुसी व्यक्त गर्नुभयो। सम्मेलनमा युवा उद्यमीले राज्य, निजी क्षेत्र र वित्तीय संस्थालाई युवाको नवीन सोच र ऊर्जामा लगानी गर्न आह्वान गरेका छन्।

# चालु आर्थिक वर्षको ११ महिनामा पुँजीगत खर्च ३२ दशमलव ५३ प्रतिशत

काठमाडौँ, १ असार (रासस)।

चालु आर्थिक वर्षको ११ महिनामा पूर्वाधार तथा विकास निर्माण लक्षित पुँजीगत खर्च रु एक खर्ब ३२ अर्ब ६६ करोड ७७ लाख भएको छ। महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी विवरणअनुसार चालु आवको ११ महिनामा कूल लक्ष्यको ३२ दशमलव ५३ प्रतिशत पुँजीगत खर्च भएको हो।

सरकारले चालु आवमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रकम पुँजीगत खर्चतर्फ विनियोजन गरेको छ। चालु आव सकिन एक महिना मात्रै बाँकी रहेको अवस्थामा पुँजीगत खर्च भने पर्याप्त हुन सकिरहेको छैन।

चालु आवमा चालु खर्चतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड खर्च गर्ने लक्ष्य राखेकामा ११ महिनामा ७६ दशमलव ९१ प्रतिशत खर्च भएको छ। वित्तीय व्यवस्थापनतर्फ वर्षभरिमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख खर्च गर्ने लक्ष्य राखिएकामा हालसम्म रु तीन खर्ब पाँच अर्ब ७१ करोड ८१ लाख खर्च भएको छ।

# अधिकमास समाप्त

काठमाडौँ, १ असार (रासस)।

गत जेठ ३ गतेदेखि सुरु भएको अधिकमास सोमबारदेखि समाप्त भएको छ। यसलाई पुरुषोत्तम महिना पनि भनिन्छ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार यसलाई हिन्दू पात्रोमा चन्द्र वर्ष र सौर वर्षबीचको समयान्तर मिलाउन करिब ३२ महिना १६ दिनमा एक अतिरिक्त महिना थपिने गरिन्छ, जसलाई अधिक मास भनिन्छ।

अधिक मासमा विवाह, व्रतबन्ध तथा गृहप्रवेशजस्ता शुभ कार्य नगरे पनि जप, तप, दान, पूजा-आराधना, धार्मिक ग्रन्थको अध्ययन तथा सत्कर्म गर्दा पुण्य प्राप्त हुने धार्मिक विश्वास छ।

काठमाडौँ उपत्यकाको दक्षिणपश्चिम भेगमा अवस्थित मन्दिरमा लाखौँले पूजा आराधना गरेका मन्दिर व्यवस्थापन समितिले जनाएको छ। महिनाभर त्यहाँ भगवान् नारायणको पूजा र पुरुषोत्तममास महात्म्य वाचन एवं श्रवण भएको थियो। विसं.२०८० साउनमा अधिकमास परेको थियो।

## विश्व समाचार

### शान्ति सम्झौतापछि विश्वको प्रतिक्रिया

पेरिस, १ असार (रासस/एएफपी)।

अमेरिका र इरानबीच शान्ति सम्झौता तथा सबै मोर्चामा सैन्य कारबाही अन्त्य गर्ने सहमति सार्वजनिक भएपछि विश्व समुदायले त्यसलाई मध्यपूर्वमा स्थायित्व ल्याउने सम्भावित अवसरका रूपमा लिएको छ। संयुक्त राष्ट्रसङ्घदेखि युरोप, खाडी क्षेत्र र एसिया-प्रशान्तका मुलुकहरूले सम्झौताको स्वागत गर्दै यसको सफल कार्यान्वयनमा जोड दिएका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सम्झौतालाई द्वन्द्वको शान्तिपूर्ण समाधानतर्फको महत्त्वपूर्ण कदमको संज्ञा दिनुभएको छ। उहाँले संवाद र कूटनीतिक प्रयासलाई दीर्घकालीन शान्तिको आधार मान्दै सबै पक्षलाई सहमतिको पूर्ण कार्यान्वयनतर्फ अग्रसर हुन आग्रह गर्नुभयो।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले हर्मुज जलघाँटी तत्काल र बिना शर्त पुनः खोलिनुपर्ने बताउनुभयो। उहाँले फ्रान्स र बेलायत सम्झौताको कार्यान्वयनमा सहयोग गर्न तयार रहेको जनाउँदै लेबनानमा राज्यको सार्वभौमिकता पुनर्स्थापित गर्ने प्रयासलाई पनि समर्थन गर्ने स्पष्ट पार्नुभयो। साथै, इरानको आणविक र ब्यालिस्टिक कार्यक्रमसँग सम्बन्धित चिन्ताहरूको समाधान पनि आवश्यक रहेको उहाँको भनाइ छ।

बेलायती प्रधानमन्त्री किर स्टार्मरले हर्मुज जलघाँटीमा सुरक्षित र स्वतन्त्र जलयातायात पुनर्स्थापित हुनुपर्नेमा जोड दिनुभयो छ। उहाँले बेलायत समुद्री खानी हटाउने कार्यमा सहयोग गर्न तयार रहेको बताउँदै इरानले कहिल्यै आणविक हतियार विकास गर्नु नहुने बेलायतको पुरानो अडान पुनः दोहोऱ्याउनुभयो।

कतारको विदेश मन्त्रालयले क्षेत्रीय सुरक्षा र स्थिरता सुदृढ गर्ने उद्देश्यले गरिएका सबै कूटनीतिक प्रयासप्रति पूर्ण समर्थन व्यक्त गरेको छ। कतारले वार्ता र मध्यस्थताको माध्यमबाट स्थायी समाधान खोज्ने प्रयासलाई निरन्तरता दिनुपर्ने उल्लेख गरेको छ।

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनले सम्झौतामा औपचारिक हस्ताक्षर नहुँदासम्म सबै पक्षलाई संयम अपनाउन आग्रह गर्नुभएको छ। उहाँले तनाव बढाउने अभिव्यक्ति, उक्साहटपूर्ण गतिविधि तथा सम्भावित तोडफोडका प्रयासप्रति सतर्क रहनुपर्ने आवश्यकता औँल्याउनुभयो।

जापानकी प्रधानमन्त्री साने ताकाइचीले हर्मुज जलघाँटी हुँदै सुरक्षित र स्वतन्त्र जलयातायात सुनिश्चित हुने अपेक्षा व्यक्त गर्नुभयो। साथै, इरानको आणविक कार्यक्रमलगायत बाँकी विवादित विषयमा पनि चाँडै अन्तिम सहमति हुनुपर्ने उहाँको धारणा छ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज र विदेशमन्त्री पेनी वोङले अमेरिका र इरान दुवैलाई निरन्तर संयम र रचनात्मक संवाद कायम राख्न आग्रह गर्नुभएको छ। संयुक्त विज्ञप्तिमार्फत उहाँहरूले इरानको आणविक कार्यक्रमसँग जोडिएका अन्तर्राष्ट्रिय सुरक्षा चिन्ताहरूको समाधान अपरिहार्य रहेको बताउनुभयो।

न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस लक्सनले हर्मुज जलघाँटी पुनः सञ्चालनमा आउनुले विश्व व्यापार मार्गलाई स्थिर बनाउने, इन्धन आपूर्ति सहज पार्ने तथा विश्व अर्थतन्त्रलाई गति दिने विश्वास व्यक्त गर्नुभएको छ।

विश्व नेताहरूका प्रतिक्रियाले मध्यपूर्वमा युद्धको अन्त्य मात्र नभई ऊर्जा सुरक्षा, अन्तर्राष्ट्रिय व्यापार र क्षेत्रीय स्थायित्वप्रतिको साझा चासोलाई पनि स्पष्ट रूपमा प्रतिबिम्बित गरेको छ।

### कब्जा कायम राख्ने इजरायलको घोषणा

तेल अभिभ (इजरायल), १ असार (रासस/एपी)।

इजरायलका रक्षामन्त्री इजरायल काट्जले सोमबार स्पष्ट रूपमा इजरायल लेबनान, सिरिया र गाजा पट्टीमा हाल नियन्त्रणमा रहेको भूमिबाट पछि नहट्ने अडान सार्वजनिक गर्नुभएको छ। अमेरिका र इरानबीचको अन्तरिम शान्ति सम्झौता अघि बढिरहेको सन्दर्भमै आएको यो अभिव्यक्तिले क्षेत्रीय तनाव अझै कायम रहेको सङ्केत दिएको छ।

अमेरिका-इरान सम्झौताको औपचारिक हस्ताक्षरका लागि शुक्रबार जेनेभामा वार्ता हुने तयारी भइरहेका बेला इजरायलको यो पहिलो आधिकारिक प्रतिक्रिया सार्वजनिक भएको हो। पाकिस्तानले मध्यस्थकर्ताका रूपमा उक्त भेटवार्ताको जानकारी दिएको छ।

रक्षामन्त्री काट्जका अनुसार इजरायलले लेबनान, सिरिया र गाजा पट्टीमा हाल नियन्त्रणमा रहेका क्षेत्रहरू 'अनिश्चितकालसम्म' आफ्नो नियन्त्रणमा राख्ने योजना बनाएको छ। उहाँले लेबनानमा हिजबुल्लाहविरुद्ध जारी सैन्य कारबाही रोक्न इरानसँग भएको अन्तरिम समझदारीलाई पनि शङ्कास्पद रूपमा व्याख्या गर्नुभयो।

उहाँले इरानले इजरायलमाथि कुनै पनि आक्रमणको प्रयास गरेमा इजरायलले कडा प्रतिकार गर्ने चेतावनी दिँदै 'ठूलो बल प्रयोग' गर्ने सङ्केत गर्नुभयो।

पछिल्ला दुई वर्षभन्दा बढी अवधिमा इजरायलले गाजा, लेबनान र सिरियाका विभिन्न क्षेत्रहरूमा करिब एक वर्गकिलोमिटर भूभाग नियन्त्रणमा लिएको छ। यो आकार न्युयोर्क सहरभन्दा केही सानो रहेको बताइएको छ।

# सुपर ओभरमा सुदूरपश्चिमलाई पराजित मधेश यू-१९ महिला टोली च्याम्पियन




दैनिक समाचारदाता
राजविराज, १ असार ।

मधेश प्रदेश यू-१९ महिला क्रिकेट टोलीले रोमाञ्चक फाइनलमा सुदूरपश्चिम प्रदेशलाई सुपर ओभरमा पराजित गर्दै यू-१९ महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ ।

निर्धारित २० ओभरको खेल बराबरी भएपछि सुपर ओभरमा पुगेको खेलमा मधेशले अन्तिम बलसम्म संघर्ष गर्दै ऐतिहासिक जित दर्ता गरेको हो ।

फाइनल खेलमा टस जितेर पहिले ब्याटिङ गरेको मधेश प्रदेशले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १२९ रन बनाएको थियो । मधेशका लागि साना परविनले उत्कृष्ट ब्याटिङ गर्दै अविजित ६७ रनको योगदान दिइन् । अलिशा यादवले २६ रन तथा प्रतिमा साहले १४ रन जोड्दै टोलीलाई सम्मानजनक स्कोरतर्फ पुऱ्याएका थिए ।

बलिङतर्फ सुदूरपश्चिमकी स्नेहा महरा र सावित्री धामीले समान १-१ विकेट हात पारिन् । एक सय ३० रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम प्रदेशले पनि निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२९ रन नै बनाएपछि खेल बराबरीमा सकिएको थियो । सुदूरपश्चिमका लागि रबिना धामीले ३८ रन तथा करुणा बिष्टले ३६ रनको महत्वपूर्ण योगदान दिइन् । मधेशका बलरमध्ये आरती महतो र प्रतिमा साहले समान २-२ विकेट लिए भने मिना महतोले १ विकेट हात पारिन् ।

खेल बराबरी भएपछि विजेता टुंगो लगाउन सुपर ओभर खेलाइएको थियो । सुपर ओभरमा सुदूरपश्चिमले मधेशलाई १६ रनको लक्ष्य दिएको थियो । जवाफमा मधेशले अन्तिम बलमा लक्ष्य पूरा गर्दै उपाधि जित्न सफल भयो ।

सुपर ओभरको अत्यन्तै रोमाञ्चक अवस्थामा मधेशलाई जितका लागि अन्तिम दुई बलमा ७ रन आवश्यक थियो । त्यसबेला क्रिजमा रहेकी साना परविनले लगातार दुई चौका प्रहार गर्दै मधेशलाई अविस्मरणीय जित दिलाइन् ।

# विद्यालयस्तरीय टी-२० क्रिकेटको उपाधीका लागि बिपी माबि र लिटिल एन्जलबीच फाइनल खेल हुने




दैनिक समाचारदाता
राजविराज, १ असार ।

सप्तरी क्रिकेट संघको समन्वय तथा सबल नेपालको आयोजनामा संचालित जिल्लास्तरीय अन्तरविद्यालय टी-२० क्रिकेट छनोट प्रतियोगिताको उपाधीका लागि बिपी माबि भारदह र लिटिल एन्जल राजबिराजबिच मंगलवार फाइनल खेल हुने भएको छ ।

सोमवार सम्पन्न सेमिफाईनल खेलमा लिटिल एन्जलले भसरा माबिलाई १ सय २४ रनले पराजित गर्दै फाईनलमा प्रवेश गरेको हो । टस जितेर लिटिल एन्जेलले २० ओभरमा ५ बिकेट गुमाएर १ सय ७२ रनको योगफल खडा गरेको थियो । जसमा रिसव यादवले ५५, शिव कुमार अधिकारीले २८ तथा रितिकले १८ रन बनाएका थिए ।

बलिङतर्फ भसरा माबिका अरमान २ तथा अमिरले १ बिकेट लिएका थिए । प्रतिउत्तरमा भसरा माबिले १३ ओभरमा सबै बिकेट गुमाएर ४८ रन मात्र बनाउ सकेको थियो ।

बलिङतर्फ लिटिल एन्जलका सुरजले ३ तथा रिसव यादव र गोपाल मण्डलले २/२ बिकेट लिएका थिए ।

# चार सय पचास हेक्टरमा वृक्षरोपण हुँदै

काठमाडौं, १ असार (रासस) ।

मिलेनियम च्यालेञ्ज एकाउण्ट (एमसिए) नेपालले विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने वन क्षेत्रको क्षतिपूर्ति स्वरूप वृक्षरोपण कार्य अगाडि बढाउन प्रेरा निर्माण सेवासँग सम्झौता गरेको छ ।

एमसिए नेपालले सर्लाहीको ईश्वरपुर नगरपालिका-४ मा रहेको सागरनाथ वन विकास परियोजनाअन्तर्गत ४५० हेक्टरमा वृक्षरोपण र वन व्यवस्थापन कार्य सञ्चालन गर्ने एमसिए नेपालले सोमबार जनाएको छ । वृक्षरोपणले वातावरणीय संरक्षण र दिगो वन व्यवस्थापनमा योगदान पुग्ने बताइएको छ ।

सागरनाथ वन विकास परियोजनाले सर्लाही, महोत्तरी र रौतहट जिल्लामा गरी १३ हजार ५१२ हेक्टर (अर्थात करिब १३५ वर्ग किलोमिटर) वन क्षेत्रफल ओगटेको छ । यो आयोजना महोत्तरीको पूर्व-पश्चिम राजमार्गदेखि दक्षिण, पूर्वमा भब्सी खोला र पश्चिममा बागमती नदीको बीचमा फैलिएको छ ।

# लागूऔषधसहित ४३ जना पक्राउ

काठमाडौं, १ असार (रासस) ।

नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित ४२ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौं, बाँके र झापाबाट पाँच/पाँच, सुनसरीबाट नौ, इलामबाट तीन तथा दाङ, सर्लाही र मोरङबाट दुई/दुई, नवलपरासी (पश्चिम) मकवानपुर, सुर्खेत र कैलालीबाट एक/एक जना पक्राउ परेका हुन् ।

प्रहरीले उनीहरुको साथबाट लागुऔषध गाँजा र खैरो हेरोइन तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि ट्रामाडोल, डाइजेपाम, बुप्रेनोर्फिन, प्रोमेथाजाइन, स्पारेष्ट र स्पास्मो बरामद गरेको छ

## *लालपूर्जाको माग ...*

प्रमाण हुदा पनि लालपुर्जा पाउन नसकेको नगरवासीको गुनासो छ ।

आन्दोलन चर्किंदै गएपछि यस अघि राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २८ गते सम्पन्न ९ औं नगरसभाले व्यक्तीको स्वामित्वमा रहेको उक्त जग्गाको लालपुर्जा प्रदान गर्न नापी कार्यालयललाई सिफारिस समेत गरिसकेको छ ।

## *मधेश प्रदेशको ...*

नगद मौज्दात वापत ६ अर्ब आठ करोड ५२ लाख अनुमान गरिएको छ ।

आगामी आव २०८३/८४ मा मधेश प्रदेश सरकारले सरकारी निकायमा हुने ढिलासुस्तीमा नागरिकलाई क्षतिपूर्ति दिने अर्थमन्त्री भट्टराईले घोषणा गरे ।

मधेश सरकारले सरकारले ढिलासुस्तीमा नागरिकलाई क्षतिपूर्ति सहितको व्यवस्था गर्दै सुशासन कायम गर्न 'हेल्लो सीएम एप' र 'हेल्लो मुख्यमन्त्री टोल फ्रि नम्बर' मन्त्रालयमा सञ्चालन गरिने अर्थमन्त्री भट्टराईले बताए ।

युवाहरुलाई लक्षित गरी सय दिने रोजगारी ग्यारेन्टी कार्यक्रम ल्याउने घोषणा गर्दै अर्थमन्त्री भट्टराईले १८ देखि ३५ वर्षका युवाहरुका लागि लक्षित गरी सो कार्यक्रम ल्याईएको जनाए ।

मधेश प्रदेशमा प्रहरी भर्नाका लागि आवश्यक बजेट बिनियोजन गरिएको जानकारी दिँदै उनले विगतमा मधेश प्रदेश सरकारले सञ्चालन गर्दै आएको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमलाई परिमार्जन गरी आगामी आव २०८३/८४ मा "शिक्षित छोरी, सुरक्षित मधेश, उद्यमशील नारी समृद्ध प्रदेश' कार्यक्रम सञ्चालन गरिने घोषणा गरे ।

बजेटलाई उत्पादन बृद्धि, राजेगारी सर्जिना र गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरिने प्रस्तुत बजेटमा उल्लेख छ । यस्तै आगामी आव २०८३/८४ मा रु. एक करोड भन्दा कम रकमका योजनामा बजेट नछुर्ने, नयाँ सवारी साधन खरिदमा रोक लगाउने र अनुत्पादक खर्च कटौती गरी पुँजीगत निर्माणमा लगाउने रणनीति अख्तियार गरेको प्रदेश सरकारले साना र टुक्रे योजनाको चापलाई कम गर्दै परिणाममुखी ठूला आयोजनाहरुमा श्रोत केन्द्रीत गरिने जनाएको छ ।

मधेश प्रदेशमा कार्यरत कर्मचारीले हाल प्राप्त गरेको महँगी भत्तालाई निरन्तरता दिँदै सुरु स्केलको आधारमा तलब १० प्रतिशत बृद्धि गरेको छ ।


भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज ,सप्तरी

प.नं.०८२/०८३
च.नं.

मिति:- २०८३।०२।३२

विषय:-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना ।

२००४ सालमा नापी भएको जमावन्दी श्रेष्ता वमोजिम रैति नं.२६७ को रैति लेलहु गोप ग्वारको नाममा कायम रहेका सात्रिक प्रगन्ना रायझमुना मौजे काचन र रैति नं.५५ को कारी यादवको नाउँमा तपसील वमोजिमको जग्गा लैंलहु गोप र कारी गोपको नाममा ७ नं.फाँटवारीमा जि.स.प.काचनको तपसिल वमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा सर्वे नापी भई तपसिल वमोजिमको जग्गा जिल्ला सप्तरी गा.वि.स.काचन वार्ड नं. ८ हाल परिवर्तित वोदेवरसाइन न.पा.वार्ड नं.८ वस्ने स्व शिवराम दासको नाति स्व.चलितर दास तत्माको छोरा लिलाधर दास,मनिक लाल साह,विलट साह,रिता देवी साह,निलम कुमारी साह र रन्जु कुमारी साह समेतले छुट जग्गा दर्ता नामसारी गरी ज.ध.प्र.पुर्जा पाउँ भनि यस कार्यालयमा द.नं.१५३४५ मिति २०८२।१०।४ गतेमा निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८३।२। गतेमा आदेश भए वमोजिम यो ३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरु समेतको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकहरु समेतको माँग दावी वमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ काननु बमोजिम कार्यबाहि भै जाने छ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

तपसील

| सा.कि.न. | गा.वि.स. | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | तर्फ | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २३८६ | काचन | ७ | २९८/ ५०२ | ०-१२-१६ | ०-१२-१६ मध्ये दक्षिण तर्फबाट ०-६-८ | स्व.लेलहु गोप र कारी गोपको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा सालमा लेलहुं गोंप र कारी गोपको नाउँमा कायम रहेको | |

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np